# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# हिमाली गाउँपालिका
# बाजुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ३८०

मितिः २०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
हिमाली गाउँपालिका, बाजुरा ।

**कैफियत सहितको राय**

हामीले **हिमाली गाउँपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु. २ करोड ४२ लाख ८९ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ९ लाख ४५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. १ करोड ६९ लाख ५२ हजार, नियमित गर्नुपर्ने रु. ६३ लाख ९२ हजार रहेको छ । गत वर्षसम्म रु.८ करोड १५ लाख १४ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१० करोड ५८ लाख रहेको छ ।यस गाउँपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, दरबन्दी बाहिरको करार कर्मचारी नियुक्त गरी रकम भुक्तानी गरेको, निर्माण कार्यमा गुणस्तर परीक्षण नगरेको, उपभोक्तामार्फत जटिल संरचना निर्माण गरेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।**गाउँ** कार्यपालिका, **अध्यक्ष** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

## खप्तड छेडेदह गाउँपालिका, बाजुरा

## बेरुजु बर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८० | ३४ | २४२८९ | ० | ० | ० | ८० | ३४ | २४२८९ | ९४५ | ६३९२ | १६९५२ | ० | ० | २४२८९ | ० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ८१५१४ | ० | ३ | ८१५११ | ० | २४२८९ | १०५८०० |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : हिमाली गाउँपालिका, बाजुरा , हिमाली गाउँपालिका , बाजुरा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | जनक बहादुर शाही | २०७७-४-१ | |
| कार्यालय प्रमुख | राज बहादुर भण्डारी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | एक लाल राना | २०७७-४-१ | |
| लेखा प्रमुख | मनि राम खत्री | २०७८-९-२९ | |
| | | **बेरुजु रकम** | २४,२८९,२२१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४,३८,३२,०६९.५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २५,२५,१६,८१० | चालु खर्च | १४,०८,०१,१०४.५ |
| प्रदेश सरकारबाट अनुदान | २,९८,०७,००० | पूँजीगत खर्च | १८,८६,७३,८८५.७ |
| राजश्व बाँडफाँट | ५,२६,१२,७१६ | वित्तीय/अन्य व्यवस्था | ९,५६,५६,१६३.८ |
| आन्तरिक आय | ५०,७०,२००.७ | | |
| अन्य आय | ६,९६,३९,४७९.९ | | |
| कुल आय | ४०,९६,४६,२०६.६ | कुल खर्च | ४२,५१,३१,१५४ |
| बाँकी मौज्दात | | २,८३,४७,१२२.३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**<br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८/६/१० मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br><br>**लेखापरीक्षणको क्रममा असूली** :, सामाजिक सुरक्षा दिन नमिल्ने भुक्तानी रु.५५००।-,र सामाजिक सुरक्षा वापत निकासा फिर्ता गर्न वाँकी रहेको रकम रु. ११८८००।- समेत जम्मा रु. १२४३००।- लेखापरीक्षणको क्रममा दाखिला भएको छ ।<br><br>**वित्तीय विवरणः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन् । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. ४७०२०२.० ले फरक देखिएको छ ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२</td><td></td><td></td><td>

**बैंक हिसाब मिलान विवरण**

स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नु पर्दछ ।

<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक रु.</th></tr>
<tr><td></td><td>अनुदान खाता</td><td>०</td><td>382000</td><td>३८२०००</td></tr>
<tr><td></td><td>प्रकोप व्य कोष खाता</td><td>13443.20</td><td>101645.20</td><td>८८२०२</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>४७०२०२</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>

**आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु. 2142343.01 पुँजीगत खर्च खातामा रु 7006137.20 समेत गरी रु ९१४८४८०.२१ मौज्दात राखेको पाइयो।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कार्यालयको श्रेष्ता र वैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।<br>• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाइयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको 83 जनाको दरबन्दी रहेकोमा 69 दरबन्दी रिक्त रहेको पाइयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा. १४ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, 2049 वमोजिम कार्य विवरण वनाई लागू गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, 2049 को दफा 7 (ख) (2) वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु. ८४,४८,४७५।०८ तलब खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड समेत यकिन हुन सकेन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **सम्पत्ती हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाइएन। यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **बजेट तथा कार्यक्रम**<br>**बजेट पेश, पारित र अख्तियारी -**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री चन्द्रादेवि बुढा ले मिति २०७७/३/१० गते रु. ४० करोड १५ लाख ९८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७/३/१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७७/४/७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ६ | | | **बजेट सिमा निर्धारण समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७ | | | **बजेट तथा कार्यक्रम तर्जुमाः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपुरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपुरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>
चौमासिक पूँजीगत खर्चः<br>
आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>चालु खर्चतर्फ</td><td>14081204.6</td><td>27839504.75</td><td>25225379.32</td><td>87736320.48</td><td>49982356.08</td></tr>
<tr><td>पूँजिगत खर्चतर्फ</td><td>188673885.7</td><td>1381446</td><td>31836081.84</td><td>155456357.8</td><td>129023922.7</td></tr>
<tr><td>जम्मा</td><td>329475090.2</td><td>29220951</td><td>57061461.16</td><td>243192678</td><td>179006278.78</td></tr>
<tr><td>प्रतिशत</td><td>१००</td><td>8.86</td><td>17.22</td><td>73.82</td><td>54.32</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ३२ करोड ९४ लाख ७५ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. २ करोड ९२ लाख २१ हजार अर्थात् ८.८६ प्रतिशत, दोश्रो चौमासिकमा रु. ५ करोड ७० लाख ६१ हजार अर्थात् १७.२२ प्रतिशत र तेश्रो चौमासिकमा रु. २४ करोड ३१ लाख ९३ हजार अर्थात् ७३.८२ .प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १७ करोड ९० लाख ६ हजार अर्थात् ५४.३२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७/७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br><table><tr><td>मुख्यक्षेत्र</td><td>वार्षिक वजेट</td><td>खर्च रकम</td><td>कुल खर्च मध्ये प्रतिशत</td></tr><tr><td>आर्थिक विकास</td><td>*40904123*</td><td>*37996155.62*</td><td>*11.53*</td></tr><tr><td>पूर्वाधार विकास</td><td>*112058367*</td><td>*101594818.47*</td><td>*30.81*</td></tr><tr><td>सामाजिक विकास</td><td>*132069287*</td><td>*115953542.6*</td><td>*35.19*</td></tr><tr><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>*4490000*</td><td>*3244275*</td><td>*0.9*</td></tr><tr><td>अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>*112076309.49*</td><td>*70037428.54*</td><td>*21.75*</td></tr><tr><td>जम्मा</td><td>401598086.49</td><td>328826220.23</td><td></td></tr></table><br>उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ३५.१९ प्रतिशत र सबै भन्दा घटी संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा ०.९ प्रतिशत रहेको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>खर्चको विश्लेषणः<br>पालिकाले यस बर्ष कुल आन्तरीक आयबाट रु ५० लाख ७० हजार- राजस्व बाँडफाँड र अनुदानबाट रु. ४० करोड ४५ लाख ७६ समेत रु. ४० करोड ९६ लाख ४६ हजार आम्दानी भएकोमा चालु तर्फ रु. १४ करोड ८ लाख १ हजार- र पूँजिगततर्फ रु. १८ करोड ८६ लाख ७४ हजार समेत रु. ३२ करोड ९४ लाख ७५ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५३ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ६४ लाख ४६ हजार खर्च भएको छ जुन आन्तरिक आयको १२७.१४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४२.७३ प्रतिशत चालु र ५७.२७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>लक्ष्य प्रगतीः<br>कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना संख्या</th><th rowspan="2">यो बर्ष खर्च</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>364</td><td>329474990.23</td><td>38</td><td>0</td><td>0</td><td>326</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **संगठन तथा कर्मचारी व्यवस्थापनः**<br>**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म १४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर, सहित ६९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १३ | | | **कर्मचारी करारः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर गाउँपालिकाले विभिन्न कर्मचारीहरु करारमा राखि रु. १३७८५४२०.० खर्च लेखेको छ।<br>त्यसैगरी सोही ऐनको दफा ८३ (८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न करार नियुक्ति गरी बर्षभरीमा रु. २६४८३६०.० भुक्तानी गरेको अनियमित देखिएको रु. | २,६४८,३६० |
| १४ | | | **कल्याण कोष-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले साविक स्थानीय निकायबाट समायोजन भई आएका कर्मचारीहरुको हकमा मात्र १० प्रतिशत रकम कट्टी गरी कल्याण कोषमा रकम जम्मा गरेको छ । स्थानीय तहमा कार्यरत सबै कर्मचारीहरुको कल्याण कोष स्थापना गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १६ | | | **वडा सचिवको पदपूर्तिः**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।<br>वडा संख्या: 7; वडा सचिवको दरबन्दी: 7; वडा सचिवको पदपूर्ति: 0; रिक्त वडा सचिव: 7<br>रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ । | |
| १७ | | | **सेवाप्रवाहको स्थितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था यस पालिकाले हालसम्म २० वटा ऐन, ९ वटा नियमावली, १ कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :<br>**विवरण** / **जम्मा**<br>स्वीकृत घरनक्सा दर्ता पास: 0<br>**पञ्जिकरणतर्फ** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | जन्मदर्ता | 560 | | |
| | | | | मृत्युदर्ता | 50 | | |
| | | | | बसाईसराई दर्ता | 39 | | |
| | | | | विवाह दर्ता | 42 | | |
| | | | | सम्बन्धविच्छेद दर्ता | 0 | | |
| | | | | **पूर्वाधार विकास सडक निर्माण** | | | |
| | | | | कालोपत्रे सडक निर्माण | 0 | | |
| | | | | कालोपत्रे सडक मर्मत | 0 | | |
| | | | | ग्राभेल सडक निर्माण | 0 | | |
| | | | | ग्राभेल सडक मर्मत | 0 | | |
| | | | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | | | | |
| १८ | | | **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष थप भएको ६ गरी कुल ६विवाद दर्ता भएकोमा ६ वटा फछ्र्यौट भई बाँकी नरहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयनः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७७/७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । पालिकाले यस वर्ष सञ्चालन गरेका योजना देहाय अनुसार छन् । निम्नानुसारको विवरण अनुसार पालिकाले यस वर्ष जम्मा १७३ वटा योजना सञ्चालन गरेकोमा रु. १ लाख भन्दा मुनिका मात्र ३० अर्थात् १७.३४ प्रतिशत योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु सञ्चालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतीका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ।<br>
<table>
<tr><th>रु. १ लाख सम्म</th><th>रु. १ लाख देखि २ लाखसम्म</th><th>रु. २ लाखदेखि ५ लाखसम्मका</th><th>रु. ५लाख देखि १० लाखसम्मका</th><th>रु. १० लाखभन्दा बढीको</th><th>रु. 50 लाख भन्दा बढी</th><th>जम्मा</th></tr>
<tr><td>30</td><td>31</td><td>39</td><td>33</td><td>34</td><td>6</td><td>173</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>कानून निर्माण एवं कार्यान्वयन<br>कानून र सञ्चालन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २० वटा ऐन, ९ वटा नियमावली, १८ कार्यविधि लगायत ५३ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकालाई आवश्यक पर्ने कानून तर्जुमा गरी कार्यान्वयन गरिनु पर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **आन्तरिक लेखापरीक्षणः**<br>स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाउँपालिकाले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । गाउँपालिकाले यस वर्षको अन्तर सरकारी अख्तियारी भएका आर्थिक कारोबार ब.उ.शि.नं. 3700001164, 365001043 र 314010123 को मात्र कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट आन्तरीक लेखा परिक्षण गराएको छ । वित्तिय समानिकरण अनुदान, शसर्त अनुदान, राजस्व बाँडफाँड र आन्तरीक आयबाट भएका आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| २२ | | | **पदाधिकारी सुविधा**<br>**स्वकीय सचिव र सल्लाहकारः–**<br>सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर गाउँपालिकाले कानूनी सल्लाहकारको श्री हर्कबहादुर कठायतलाई नियुक्त गरी रु. १०२०००।० भुक्तानी गरेको रकमलाई नियम सम्मत मान्न नसकिएको रु. | १०२,००० |
| २३ | | | **स्थानीय तहका पदाधिकारी सुविधाः**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु ६४४५५००.० सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष....7. जना | कार्यपालिका सदस्य ..6.... | सभाका सदस्य...22... | जम्मा37 |
|---|---|---|---|---|---|---|---|
| | | 24000 | 24000 | 168000 | 144000 | 330000 | 690000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | | | | | | |
| २ | यातायात खर्च | 120000 | 108000 | 168000 | | | 396000 |
| ३ | टेलिफोन,मोबाइल | 72000 | 60000 | 294000 | 216000 | 528000 | 1170000 |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | 60000 | 54000 | 336000 | 216000 | 528000 | 1194000 |
| ५ | समन्वय तथा सहजीकरण | 108000 | 84000 | 504000 | 360000 | 792000 | 1848000 |
| ६ | अतिथि सत्कार | 120000 | 108000 | 588000 | 0 | 0 | 0816000 |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | 42000 | 36000 | 168000 | 144000 | 264000 | 654000 |
| ८ | चाडपर्व खर्च | 25000 | 22500 | 112000 | 54000 | 154000 | 367500 |
| | जम्मा | 547000 | 472500 | 2E+06 | 990000 | 2266000 | 6445500 |

| | | | | |
|---|---|---|---|---|
| २४ | | | **खाना तथा विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ४६१२४६१।१८ खर्च गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **आर्थिक सहायता-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. १३७५५००।० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता वितरणमा कार्यविधि समेत तयार गरेको छैन । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २६ | | | **अनुदान फिर्ता , वितरण र उपयोग**<br>**अनुदान फिर्ताः** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहाय बमोजिमको अनुदान खर्च भई बाँकी रहेको फिर्ता गरेको छ । | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | 166816810 | 144823869.86 | 144823869.86 | ० |
| | विषेश | 10000000 | 9194463 | 805537 | 0 |
| | समपुरक | 0 | 0 | 0 | 0 |
| प्रदेश सरकार | शसर्त | 0 | | | |
| | विषेश | 6800000 | 6779873 | 20127 | 0 |
| | समपुरक | 16000000 | 15235051.71 | 764948.29 | 0 |
| | अन्य | 0 | 0 | 0 | 0 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **ठेक्का व्यवस्थापनः**<br>सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ। गाउँपालिकाबाट संचालित योजनाको निर्माण कार्य सोझै खरिद, सिलबन्दी दरभाउपत्र, बोलपत्र तथा तेश्रो चौमासिकमा व्यवस्था भएको ठेक्का सम्बन्धि विवरण माग भएकोमा गाउँपालिकाले पेश गरेको देखिएन। | |
| २८ | | | **सवारीसाधन खरिदः**<br>नीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारी साधन खरिदमा रु. ६५३५००/- खर्च गरेको छ ।<br><table><tr><td>सि.नं</td><td>सवारी साधन</td><td>संख्या</td><td>रकम</td></tr><tr><td>१</td><td>मोटरसाइकल</td><td>२</td><td>653500</td></tr><tr><td></td><td>**जम्मा**</td><td>२</td><td>653500</td></tr></table> | |
| २९ | | | **कर दस्तुर एवं आन्तरिक आय**<br>**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.85लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु. ५० लाख ७० हजार अर्थात अनुमान भन्दा ५९.६५ प्रतिशत कम/बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **आन्तिरक आयः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७७/७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रिय अनुदानबाट खर्च: 329474990.2; आन्तरिक आय: 5070200.77; आन्तरिक आय प्रतिशत: 1.53<br><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.५३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३१ | | | **राजश्व दाखिलाः**<br>आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ७ वटा वडाबाट पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असूल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **राजश्व अभिलेखः**<br>पालिकाले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । पालिकाबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ पालिकाबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । | |
| ३३ | | | **कर तथा शुल्क असुली-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असूली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><table><tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असूली</th><th>असूली प्रतिशत</th></tr><tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>**0**</td><td>**0**</td><td>**0**</td></tr><tr><td>घरजग्गा वहाल कर</td><td>50000</td><td>500934</td><td>**1001.86**</td></tr><tr><td>व्यवसाय कर</td><td>**0**</td><td>**0**</td><td>**0**</td></tr><tr><td>वहाल विरौटी शुल्क</td><td>**0**</td><td>**0**</td><td>**0**</td></tr></table><br>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लेखित असूली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **व्यवसायी कर-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर उठाएको देखिएन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३५ | | | **उपभोक्ता समितिमार्फत कार्य**<br>**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **हेभि ईक्विपमेण्टको प्रयोग -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाईएको छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| 179-2078/3/22 | विउरी विक्छ्या सडक निर्माण | सडक निर्माण | 2835224 | स्काभेटर | 2836078.29 |
| 86-2078/1/5 | धिम पाणी सडक निर्माण | सडक निर्माण | 2829000 | स्काभेटर | 2200000 |
| | **जम्मा** | | | | 5036078.29 |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **लागत सहभागिता-**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **जटिल संरचना निर्माण -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका एक उदाहरण यसप्रकार रहेका छ : | |

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| 4-2078/3/25 | कुवाडी खोला लघु जलविद्युत आयोजना | जलविद्युत निर्माण | 3788581.37 |
| | **जम्मा** | | |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **सब कन्ट्याक्टरबाट काम गराएको:**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायबहोजिमका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ । | |

| गो.भौ नं/मिति | उपभोक्ताको नाम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम रु. |
|---|---|---|---|
| 150-2078/3/14 | क्वाडी रुगिन सडक निर्माण | कार्की कन्स्ट्रक्सन | 1415000 |
| 69-2077/11/13 | फैति बोर्ता सडक निर्माण | कार्की कन्स्ट्रक्सन | 2390000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **सशर्त कार्यक्रमतर्फ** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **शिक्षक दरवन्दी र पदपूर्तिः-** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २३ सामुदायीक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| 1 | बडिमालिका मा.वि. धिम | 11 | 11 | 2 | 698 |
| 2 | शैलेश्वरी मा.वि. फैती | 9 | 9 | 3 | 186 |
| 3 | जनता मा.वि. बाँधु | 4 | 4 | 0 | 213 |
| 4 | भवानी मा.वि. धुलाचौर | 3 | 3 | 0 | 244 |
| 5 | बागेश्वरी मा.वि. रुगिन | 4 | 4 | 2 | 293 |
| 6 | बिच्छयाँ मा.वि. बिच्छयाँ | 7 | 7 | 4 | 277 |
| 7 | खोलीडाँडा आ.वि. पाँडी | 5 | 5 | 1 | 204 |
| 8 | जनज्योती आ.वि. धिम | 0 | 0 | 0 | 67 |
| 9 | चण्डिका आ.वि. बोल्िढक | 3 | 3 | 3 | 47 |
| 10 | नेपाल राष्ट्रिय आ.वि. बोर्ता | 3 | 3 | 1 | 132 |
| 11 | मंगलमय आ.वि. नदापाटा | 3 | 3 | 2 | 61 |
| 12 | सरस्वती आ.वि. बक्षाँ | 3 | 3 | 1 | 46 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 13 | कुलमष्टाजन आ.वि. क्यूडी | 2 | 2 | 0 | 166 | | |
| | | | | 14 | रुम्दी आ.वि. रुम्दी | 2 | 2 | 2 | 14 | | |
| | | | | 15 | ठुलाकोट आ.वि. कोट | 4 | 4 | 4 | 228 | | |
| | | | | 16 | लवासुर आ.वि. कोटीगाउँ | 0 | 0 | 0 | 47 | | |
| | | | | 17 | बुढीनन्दा आ.वि. नातीखोला | 2 | 2 | 2 | 37 | | |
| | | | | 18 | गोश्वारा आ.वि. टिन | 2 | 2 | 1 | 37 | | |
| | | | | 19 | सुनन्दा आ.वि. बाँम | 3 | 3 | 2 | 96 | | |
| | | | | 20 | यूना आ.वि. यूना | 3 | 3 | 1 | 86 | | |
| | | | | 21 | गंगा आ.वि. बौडी | 3 | 3 | 2 | 85 | | |
| | | | | 22 | हिमालभक्ति आ.वि. गुम्बा | 2 | 1 | 0 | 14 | | |
| | | | | 23 | बुढीनन्दा आ.वि वाधु | 3 | 2 | | 55 | | |
| | | | जम्मा 23 वटा विद्यालयमा शिक्षकको दरबन्दी 81 वटा रहेकोमा 79 वटा पदपूर्ति भई 2 रिक्त रहेको छ । पदपूर्तिमध्ये 33 जना करार तथा राहतका शिक्षक रहेका छन् ।कुल विद्यार्थीको संख्या जम्मा 3333 रहेको छ । यसरी शिक्षक र विद्यार्थीको अनुपात तुलना गर्दा १ जना शिक्षक बराबर 42.19 जना विद्यार्थी रहेका छन् । दुई वटा विद्यालयमा शुन्य दरबन्दी रहेको देखिन्छ । रिक्त पदमा पदपूर्ती गर्ने तथा शिक्षक विद्यार्थीको अनुपात तुलना गरी विद्यालय मर्ज गर्न तर्फ गाउँपालिकाले ध्यान दिनु पर्ने देखिन्छ । | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **शिक्षकको निकासाः** यस वर्ष शिक्षातर्फ २३ सामूदायिक विद्यालयलाई प्रथम किस्ता रु. १३५८०३४३.६, दोस्रो किस्ता रु. १२६०२६०५.२०, तेस्रो किस्ता रु. ४२६६६२२ र अन्तिम किस्ता रु. ९५०९०३७.८० समेत जम्मा रु. ३९९५८६०८.६ तलब भत्ता खर्च निकासा गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्: | |
| ४१.१ | | | **शिक्षक अभिलेखः** पालिका कार्यालयले पालिकाभित्र रहेका विद्यालयहरुको स्वीकृत दरबन्दी (राहत, करार समेत) विद्यालयमा शिक्षक पदपूर्तीको अवस्था, सरुवाको विवरण, अवकाश विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए/नभएको भिडान गर्न सकिएन । कार्यालयले विद्यालयबाट पेश गरेको माग फारामलाई मात्र आधार लिइ तलब निकासा दिएको देखिएको हुँदा शिक्षक सरुवा, अवकाश भए पश्चात पनि रकम निकासा नभएको भनि भिडान गर्न नसकिएको हुँदा अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| ४१.२ | | | **राहत शिक्षकमा बढी निकासाः** शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारवाही गरी बढी निकासा भएको रकम असूल उपर गरिने व्यवस्था छ । शैलेश्वरी मा.वि., फैतीका दुईजना राहत शिक्षकको दशैं खर्च निकासा गर्दा रु. ४००० बढी निकासा भएकोले असूल गरी दाखिला गर्नुपर्ने रु | ४,००० |
| ४१.३ | | | **शिक्षकको बढी निकासाः** शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारवाही गरी बढी निकासा भएको रकम असूल उपर गरिने व्यवस्था छ । हिमाल भक्ति आ.वि., गुम्बाका प्रा.वि.द्वितियको शिक्षक श्री भिमानन्द पाण्डेको १५ दिनको तलब रु. २४७०१ बढी निकासा भएकोले सम्बन्धितबाट असूल गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | २४,७०१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२</td><td></td><td></td><td>सिकाई केन्द्र निकासाः<br>कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व.२०७७।०७८ को ६.७ नं. बमोजिम सामूदायिक सिकाई केन्द्रको सञ्चालन अनुदान भनी सामूदायिक परिचालकलाई रु.६२०० का दरले १२ महिनाको मात्र पारिश्रमिक दिने व्यवस्था छ । तर पालिकाले निम्न बमोजिमको सामूदायिक सिकाई केन्द्रहरुका लागि प्रशासनिक खर्च समेत निकासा भएको देखिएकोले शिक्षा समितिको निर्णयका आधारमा प्रशासनिक खर्च निकासा गर्नु पर्दछ ।
<table>
<tr><th>सामूदायिका सिकाई केन्द्रको नाम</th><th>प्रशासनिक खर्च</th></tr>
<tr><td>चण्डिका सामूदायिक सिकाई केन्द्र, रुजिम</td><td>५००००</td></tr>
<tr><td>हिमचुली सामूदायिक सिकाई केन्द्र, बिच्छिया</td><td>५००००</td></tr>
<tr><td>मष्टा भवानी सामूदायिक सिकाई केन्द्र, बाँधु</td><td>२५०००</td></tr>
<tr><td>जम्मा</td><td>१२५०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>बाल विकास सहजकर्ता निकासाः<br>कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व. २०७७।७८) बमोजिम प्रारम्भिक बाल विकास सहजकर्ताको पारिश्रमिक निकासा अनुदान दिंदा सम्बन्धित संस्थाले शैक्षिक तथ्याङ्क २०७७ भरी प्रमाणित भएको यकीन गरी सो आधारमा भर्ना भएका बालबालिकाको आधारमा अनुदान दिने भनी व्यवस्था रहेको छ । पालिकाले उक्त विवरण पेश नै नगरी वर्षभरी जम्मा रु. १३२६००० अनुदान निकासा भएकोले पालिकाले नियममा उल्लेख भएको व्यवस्था पालना गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>छात्रवृति निकासाः<br>विद्यालयलाई रु. 6,63,600/- छात्रवृत्ति निकास गरेको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४.१ | ७ | | ९७।०७८।१।८, शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारवाही गरी बढी निकासा वा खर्च भएको रकम असूल उपर गरिने उल्लेख छ । त्यस्तै शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरिएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।०७८ को सि.नं.४.२ अनुसार IEMIS मा प्रविष्टि तथ्याङ्कका आधारमा कक्षा १ देखि ८ सम्म अध्ययनरत विद्यार्थीलाई मात्र छात्रा छात्रवृति र दलित छात्रवृति बापत प्रति विद्यार्थी रु. ४०० का दरले अनुदान वितरण गर्ने व्यवस्था छ । गाउँपालिकाले देहाय बमोजिमका विद्यालयहरुलाई EMIS मा प्रवृष्टि भएका कक्षा १ देखि ८ सम्म मात्र छात्रवृति रकम निकासा गर्नुपर्नेमा कक्षा ९ देखि १० सम्मको दलित विद्यार्थी समेतको छात्रवृति निकासा गरेकोले बढी छात्रवृति निकासा रकम सम्बन्धित विद्यालयबाट असूल गरी दाखिला गर्नुपर्ने रु. | २२,००० |

| **विद्यालयको नाम** | **दलित विद्यार्थी** | **निकासा रकम रु.** |
|---|---|---|
| बडिमालिका मा.वि., धिम | ९ देखि १० | १७००० |
| शैलेश्वरी मा.वि.,फैती | ९ देखि १० | ३५०० |
| विच्छया मा.वि.,विच्छया | ९ देखि १० | १५०० |
| जम्मा | | २२००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४.२</td><td>९७</td><td></td><td>९७।०७८।१।८, शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारवाही गरी बढी निकासा वा खर्च भएको रकम असूल उपर गरिने उल्लेख छ । त्यस्तै शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरिएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।०७८ को सि.नं.४.२ अनुसार IEMIS मा प्रविष्टि तथ्याङ्कका आधारमा कक्षा १ देखि ८ सम्म अध्ययनरत विद्यार्थीलाई मात्र छात्रा छात्रवृति र दलित छात्रवृति बापत प्रति विद्यार्थी रु. ४०० का दरले अनुदान वितरण गर्ने व्यवस्था छ । गाउँपालिकाले देहाय बमोजिमका विद्यालयहरुमा कक्षा १ देखि ८ सम्मका दलित छात्रवृति रकम बढी निकासा गरेकोले सम्बन्धित विद्यालयबाट असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयकोनाम</th><th>निकासाभएको</th><th>EMISअनुसार१देखि८सम्मकोदलितछात्रसंख्या</th><th>निकासाहुनुपर्ने</th><th>बढीनिकासा रु.</th></tr>
<tr><td colspan="5">दलितबढीनिकासा</td></tr>
<tr><td>जनताआ.वि.,बाँधु</td><td>२४४००</td><td>४२</td><td>१६८००</td><td>७६००</td></tr>
<tr><td>शैलेश्वरीमा.वि.,फैती</td><td>१३६००</td><td>१५</td><td>६०००</td><td>७६००</td></tr>
<tr><td>खोलीडाँडाआ.वि.</td><td>१६४००</td><td>१९</td><td>७६००</td><td>८८००</td></tr>
<tr><td>कुष्टमण्डनआ.वि.,क्युडी</td><td>१२४००</td><td>१८</td><td>७२००</td><td>५२००</td></tr>
<tr><td>भवानीआ.वि.,ढोल्खिक</td><td>१४०००</td><td>१६</td><td>६४००</td><td>७६००</td></tr>
<tr><td>मङ्गलमयआ.वि.</td><td>१६४००</td><td>२६</td><td>१०४००</td><td>६०००</td></tr>
<tr><td colspan="5">जनजातीबढीनिकासा</td></tr>
<tr><td>जनताआ.वि.,बाँधु</td><td>६४००</td><td>९</td><td>४५००</td><td>१९००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>४४७००</td></tr>
</table>
</td><td>४४,७००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS)**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७७।७८) मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सो को आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु. ४००। का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु. १५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु. २००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु. ५०० का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु. २०० का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु. 15। का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । पालिकाले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग मिलान गरी विवरण दिएकोमा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको एकीन गर्ने आधार भएन । कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी सङ्ख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनु पर्दछ । | |
| ४६ | | | **उपभोक्ता समितिलाई अग्रिम करः**<br>आयकर ऐन, २०५८ को दफा ८९ मा उपभोक्ता समिति मार्फत् हुने कार्यको भुक्तानी स्वरुप उपभोक्ता समितिलाई भुक्तानी गरी रु ५० लाख भन्दा बढीको भुक्तानीमा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टा गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले यो निम्नानुसार उपभोक्ता समितिलाई रु. ५० लाख भन्दा माथि को भुक्तानी गर्दा अग्रिम कर वापतको रकम कट्टी नगरेको ले रु. ७७७३५.० अग्रिम कर बापतको रकम सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नु पर्ने रु. | ७७,७३५ |

| क्र.सं. | भौ.नं. मिति | उपभोक्ता समितिको नाम | भुक्तानी | रकम रु. |
|---|---|---|---|---|
| 1 | 97-2078/3/25 | धुलाचौर स्वास्थ्य भवन निर्माण उपभोक्ता समिति | 5175600 | 77735 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td></td><td></td><td>औषधी खरिद-<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोभै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर निम्नानुसार रु. ३०,४८,५७८/- का औषधी सोभै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः
<table>
<tr><td>४।२०७७।१०।५</td><td>निशा मेडिकल हल</td><td>४०८३१९।</td></tr>
<tr><td rowspan="2">६।२०७८।३।१</td><td>निशा मेडिकल हल</td><td>४6९६१८।</td></tr>
<tr><td>देउराली ड्रग् सेन्टर</td><td>४९९८१४।</td></tr>
<tr><td>५४।२०७७।१०।५</td><td>युनाइटेड ड्रग् सेन्टर</td><td>४९९३३३।</td></tr>
<tr><td>४।२०७७।१०।५</td><td>युनाइटेड ड्रग् सेन्टर</td><td>४४८१७५।</td></tr>
<tr><td>१४४।२०७७।१०।५</td><td>देउराली ड्रग् सेन्टर प्रा.लि.</td><td>२२५०३४।</td></tr>
<tr><td>११।२०७८।३।२</td><td>युनाइटेड ड्रग् सेन्टर प्रा.लि.</td><td>४९८२८५।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३04८५७८।</td></tr>
</table></td><td></td></tr>
<tr><td>४७.१</td><td></td><td></td><td>औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको । तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४७.२</td><td></td><td></td><td>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,</td><td></td></tr>
<tr><td>४७.३</td><td></td><td></td><td>आपूर्ति हुने औषधी डब्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७.४ | | | खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, | |
| ४७.५ | | | प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (३) अनुसार खर्च गर्दा खर्चको बील भर्पाइ सहित लेखा राख्नुपर्ने र सोहि नियमावलीको नियम ३७ (८) अनुसार कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जांच गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले औषधी खरिद गाडी मर्मत लगायतका अधिकांश भुक्तानीहरुमा रकम जस्ले कारोवार गरेको हो सोहि पार्टिको बीलको आधारमा खर्च लेखि भुक्तानी गरेकोमा उक्त पार्टीले रकम प्राप्त गरे नगरेको सम्बन्धमा यकीन हुने आधार भएन । अतः यसरी गरेको कारोवारवाट भुक्तानी गरेकोमा सम्बन्धित पार्टीले बुझेको प्रमाण पेश गर्नु पर्ने देखिएको रु. | ८३५,२७० |

| भौ.नं. | फर्म | भुक्तानी |
|---|---|---|
| ४००।२०७८।३।२२ | मातासफल मोटर्स पार्टस | ३००००० |
| ४०१।२०७८।३।२२ | मातासफल मोटर्स पार्टस | ४३००० |
| १८४।२०७८।३।२२ | मातासफल मोटर्स पार्टस | ३८३९७८ |
| ४४६।२०७८।३।२६ | युनिकआइडलअटोमोवाइल्स | १०८२९२ |
| जम्मा | | 835270 |

| ४८ | | | **सेनिटरी प्याडः** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड निःशुल्क उपलब्ध गराउन टुक्रे खरीद गरी विद्यालयलाई पठाएको देखियो । | |
|---|---|---|---|---|

| गो.भौ.नं.मिति | आपूर्तकको नाम | परिमाण | दर | भ्याट सहित भुक्तानी रकम रु. |
|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 1६९-07८/3/१९ | संगिता स्टोर, बाँके | ३०६२७ | २३ | ७९५९९५.७३ | | |
| | | | | जम्मा | | ३०६२७ | २३ | ७९५९९५.७३ | | |
| | | | वर्षान्तमा खरीद गरी पठाएका भनिएका उक्त स्वास्थ्य सामाग्री प्रयोग हुन सक्ने अवस्था देखिएन । यस्ता सामाग्री आर्थिक वर्षको प्रथम चौमासिकमा प्रतिस्पर्धात्मक खरीद गरी वितरण गर्नुपर्नेमा वर्षान्तमा खरीद गरी विद्यालयलाई पठाएको ९७२० परीमाणको मात्र भरपाई पेश गरी बाँकी २०९०७ परीमाणको सेनिटरी प्याड भरपाई नभएको र सो परीमाण उपयोग बिहीन अवस्थामा रहेकोले यस्तो अव्यवहारिक खरीद कार्य नियन्त्रण गर्नु पर्दछ । | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **सेनिटरी प्याडको लागत अनुमान तयार नगरी खरिदः**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढि रकमको मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार गरेको कुनै आधार खुलाएको छैन् । नियमावलीमा भएका व्यवस्थाहरुको पालना नगरी आधार नखुलाई लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद मितव्ययी, पारदर्शी हुन नसक्ने भएकाले नियमावलीमा भएको व्यवस्था अपनाई लागत अनुमान तयार गर्नुपर्दछ ।<br>:<br>**स्पेशिफिकेशन उल्लेख नगरेको** : सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २० मा स्थानीय तहले सेनिटरी प्याड प्रयोग गर्ने छात्राहरुको स्वास्थ्यमा असर नपुग्ने र उक्त सामाग्रीको गुणस्तरमा कुनै पनि सम्झौता नहुने अवस्थाको सुनिश्चितता गर्नुपर्ने उल्लेख छ । कार्यालयले आपूर्ती भएका सेनिटरी प्याड स्पेशिफिकेसन बमोजिम भए नभएको निरिक्षण परीक्षण गरेको छैन् । | |
| ५० | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम-**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाइएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, सिंचाई कुलो निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३३३ जनालाई रोजगारी उपलव्ध गराई रु १,७२,१६,१०० खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वियन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ ।यस कार्यक्रमका सम्बन्धमा देखिएका थप ब्यहोरा निम्नानुसार छन्<br>:<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री दरभाउ तथा ज्याला निर्धारण गर्दा तोकिएको दररेटको आधारमा निर्धारण गर्नु पर्ने उल्लेख छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले च.नं.115 मिति 2077/4/25 मा परिपत्र गरी श्रमिकको ज्यालादर दैनिक प्रतिव्यक्ती रु.517 हुने गरी निर्धारण गरेकोमा लेखापरीक्षणको क्रममा छनौट गरीएका निम्नानुसारका योजनामा ज्यालादर | ४,०२२,३८९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दैनिक प्रतिव्यक्ती रु.८२५ राखि लागत अनुमान तयार गरी अयोजना लागतलाई ५१७ ले भाग गरी आउने संख्या अनुसारको डोर हाजिरी तयार गरी निम्नानुसारको भुक्तानी गरेकोले बढी आर्थिक व्ययभार परेको रु | |

| क्र.सं. | योजनाको नाम | हुनुपर्ने भुक्तानी | भएको भुक्तानी | फरक |
|---|---|---|---|---|
| 1 | अउल बिच्छ्या चुफे हुदै डिलगडा घोरेटो बाटो निर्माण | 848172 | 1535490 | 687318 |
| 2 | गोरुमुडा देखि डाडा खाला सम्म घोरेटो बाटो निर्माण | 773367 | 1292500 | 519133 |
| 3 | देउसेन चौका लिगुडिमेला टिन बाटो निर्माण | 429095 | 620400 | 191305 |
| 4 | स्वास्थ्य भवन घेरबार वडा नं. ३ | 659062 | 827200 | 168138 |
| 5 | काम सैन देखि चौका सम्म बाटो वडा नं. ३ | 330828 | 517000 | 186172 |
| 6 | सुप देखि रुम्दि सम्म बाटो निर्माण वडा नं. २ | 512073 | 775500 | 263427 |
| 7 | स्वास्थ्य भवन फिल्ड निर्माण वडा नं २ | 1225492 | 1654400 | 428908 |
| 8 | गिरी खेल्ना घेरबारा निर्माण | 814108 | 827200 | 13092 |
| 9 | पिपलडाडा बेड्डुखेत तथा विद्यालय निर्माण | 448971 | 568700 | 119729 |
| 10 | उपर पाडी घेरबार निर्माण योजना | 736079 | 930600 | 194521 |
| 11 | बाद जिउलो घेराबार निर्माण | 571259 | 723800 | 152541 |
| 12 | मास्टा मन्दिर घेराबार तथा दलति टोल खडेन्चि निर्माण | 1237453 | 1654400 | 416947 |
| 13 | बिच्छ्या मा वि खेल मैदान | 818142 | 1499300 | 681158 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td></td><td></td><td>4022389</td></tr></table></td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>थुमा तथा बोका खरिदः<br>गाउँपालिकाले साना व्यवावसायीक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम अन्तर्गत निम्नानुसार थुमा तथा बोका खरिद गरेको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्<br><table>
<tr><th>क्र.सं.</th><th>भौ.नं. मिति</th><th>विवरण</th><th>दर</th><th>संख्या</th><th>भुक्तानी</th></tr>
<tr><td>१</td><td>44-2078/3/14</td><td>थुमा</td><td>35000</td><td>40</td><td>1400000</td></tr>
<tr><td>२</td><td>62-2078/3/19</td><td>बोका</td><td>35000</td><td>28</td><td>980000</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td>2380000</td></tr>
</table></td><td></td></tr>
<tr><td>५१.१</td><td></td><td></td><td>विभिन्न फर्मबाट खरीद गरिएका थुमा तथा बोकाहरुको स्वास्थ्य परीक्षण गरी निरोगिताको प्रमाणपत्र संलग्न नभएकोले थुमा तथा बोकाहरु उदेश्य बमोजिम स्वस्थ्य रहे नरहेको यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>५१.२</td><td></td><td></td><td>भेडा बाख्रा खरिद गर्दा तोकिएको दरमा तौल लिएर गर्नु पर्नेमा एकमुष्ट सालाखाला रु.35000 का दरले किनिएको कारण सबै थुमा तथा बोकाको तौल यकिन गर्न नसकिएको कारण सबैको मुल्य रु.३५००० पर्ने नपर्ने कुरामा यकिन गर्न नसकिएको कारण यस सम्बन्धमा कार्यालयले नै यकिन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>समानीकरण पूँजिगततर्फ<br>कन्टिन्जेन्सी खर्चको भुक्तानीः सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान गर्ने ढाँचा तय गरेको छ । जस अनुसार कुल प्रत्यक्ष लागतको ४ प्रतिशत सानातिना खर्च तथा वर्क चार्ज स्टाफ खर्च कायम गरी कन्टिन्जेन्सी खर्चको रुपमा लागत अनुमान कायम गर्नु पर्ने व्यवस्था छ ।सोही अनुसार लागत अनुमान तयार गर्दा कूल प्रत्यक्ष लागतको १०४ प्रतिशतलाई लागत अनुमान कायम गरी उक्त थप गरिएको ४ प्रतिशत बराबरको कन्टिन्जेन्सी रकम लाई सम्बन्धित योजनामा भुक्तानी नगरी कन्टिन्जेन्सी खातामा जम्मा गरी तोकिए बमोजिम खर्च गर्नु पर्ने हुन्छ । तर यो वर्ष पालिकाले तर्जुमा गरेका योजनाहरुमा कूल प्रत्यक्ष लागतबाटै ५ प्रतिशत रकमलाई कन्टिन्जेन्सी खर्चको रुपमा कट्टा गरी योजनामा ९५ प्रतिशत मात्र भुक्तानी गर्ने गरेको देखियो । जसबाट योजनाका सम्बन्धित निर्माण व्यावसायीहरुलाई प्राप्त हुनु पर्ने वास्तविक रकम भन्दा घटी रकम प्राप्त हुने गरेको देखियो । अत नियमावलीमा तोकिए बमोजिम लागत अनुमान तयार गरी सोही अनुसार कन्टिन्जेन्सी खर्च लेख्ने गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **समपूरक योजनाः**<br>समपुरक बजेट बाट संचालित योजनामा स्थानीय तहको ५० प्रतिशत लागत सहभागिता हुनु पर्दछ । गाउँपालिकाले समपुरक बजेट बाट निम्नानुसारको योजना सञ्चालन गर्दा 50 प्रतिशत लागत सहभागिता गरेको नदेखिएकोले रु.76,17,525.56 कार्यविधिको प्रक्रिया पुरा नगरी भएको खर्च रु. | ७,६१७,५२५.५६ |

| क्र.सं. | योजनाको नाम | कुल खर्च | गाउँपालिकाले बेहोर्नु पर्ने रकम |
|---|---|---|---|
| १ | भवानी मा.वि. भवन निर्माण | 3907624 | 1953812 |
| २ | बोल्ढीक धिम पाँडी सडक निर्माण योजना | 3456614.74 | 1728307.37 |
| ३ | कवाडी विच्छया सडक निर्माण योजना | 3907732.47 | 1953866.24 |
| ४ | कवाडी जलविद्युत आयोजना | 3963080.5 | 1981540.25 |
| | | | 7617525.56 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **परामर्श सेवा-**<br>सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. 65,00,632.4 खर्च लेखेका छन् । गाउँपालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पूँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |
| ५५ | | | **डीपिआर खर्च -**<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ठुलाकोट स्कुल डिपिआर पहिलो | Thapa Consultancy, kavre | 500000 | 499680 | 5000000 |
| बाँधु स्वास्थ्य भवन डिपिआर | Thapa Consultancy, kavre | 500000 | 499680 | 5000000 |
| धिम स्वास्थ्य भवन डिपिआर | Thapa Consultancy, kavre | 500000 | 499680 | 3500000 |
| भवानी स्कुल डिपिआर | Thapa Consultancy, kavre | 500000 | 499680 | 4000000 |
| धुलाचौर स्वास्थ्य चौकी डिपिआर | Thapa Consultancy, kavre | 500000 | 499680 | 5500000 |
| नेटा देखि बौडीसम्म जाने सडक बाटो | सनराइज इन्जिनियरिङ्ग सर्भिस प्रा लि | 1143142.40 | 1143142.40 | 324250427 |
| ठुलाकोट विद्यालय निर्माण | क्रियटिभ इन्जिनियरिङ्ग कन्सल्नटेन्सी | 494000 | 494000 | 9950000 |
| तल्लो रुम्दी दर्खि वीच्छया सम्मको सडक निर्माण | सनराइज इन्जिनियरिङ्ग सर्भिस प्रा लि | 1969590 | 1969590 | 159459276588 |
| | जम्मा | | 6105132.4 | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **बेरितको कर बिजकः**<br>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा अनुसुची ५(क) वमोजिमको ढांचामा कर विजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार फर्मलाई भुक्तानी गरकोमा सो फर्महरुले जारी गरेको विजकमा निम्नानुसार कैफियत देखिएको मुल्य अभिवृद्धि कर रकम रु.9,42,753.5सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ९४२,७५३.५ |

| क्र.सं. | भौ.नं. मिति | भुक्तानीपाउनेकोनाम | प्याननं. | विजकमिति | विजकनं. | विजकरकम | समायोजनगर्नुपर्नेमुअकरकररकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | 150-2077/3/14 | कार्कि कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स | 614293436 | - | 01 | 123 1050 | 183950 | मिति उल्लेख. नभएको |
| २ | 24-2077/9/23 | | | 2077/9/20 | 51 | 2040707 | 225259 | अघिल्लो विजक नं. पछिल्लो मितिमा काटिएको |
| ३ | 86-2078/1/5 | | | 2078/1/4 | 52 | 1946902 | 253097 | |
| ४ | 61-2077/11/13 | | | 2077/11/23 | 53 | 2115044 | 274955 | |
| ५ | | न्यू सेती कर्णाली ढुवानी सेवा | ३०५६५०६२१ | २०७७।९।३ | - | 84500 | ५४९२.५ | विजक नं. उल्लेख. नभएको |
| | | **जम्मा** | | | | | 942753.5 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **कार्य स्वीकारः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा कुनै निर्माण कार्य सम्पन्न भएपछि कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । गाउँपालिकाले निम्नुसारको योजना सम्पन्न गरी कार्य स्वीकार प्रतिवेदन तयार नगरी भुक्तानी गरेको देखिएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्दछ । | |

| क्र.सं. | भौ.नं. मिति | योजनाको नाम | सम्पन्न | भुक्तानी |
|---|---|---|---|---|
| १ | 69-२077/11/13 | फैति बोर्ता सडक | 4017871.3 | 3350000 |
| २ | 89-2078/1/6 | भिटा घर देखि ठाडा ढुंगा सम्म तटबन्ध निर्माण | 2172923.16 | 1800000 |
| ३ | 88-2078/1/16 | बाध सिचाई टंकि तटबन्द निर्माण | 1248279.5 | 900000 |
| ४ | 150-2078/3/14 | क्वाडी रुगिन सडक निर्माण | 1858595.79 | 1415000 |
| ५ | 185-2078/3/23 | वि.पि. स्मृती भवन | 2621033.24 | 1996703 |
| | | जम्मा | | 9461903 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **कर्णाली जलयात्रा कार्यक्रमः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले कर्णाली नदिमा र्याफ्टिङ्क सञ्चालन गरी राजस्वको आधार बढाउने तथा पर्यटन प्रवर्द्धन गर्ने उद्वेश्यले रारा कैलाश टुर्स एण्ड कर्णाली ट्रेल प्रा लि सँग सम्झौता अनुसार पालिकाको ५१ प्रतिशत र उक्त प्रा लिको ४९ प्रतिशत आयमा हिस्सेदारी कायम हुने उल्लेख छ । यो वर्ष र्याफ्टिङ् सञ्चालनको लागि रु.10 लाख खर्च भएको अवस्थामा र्याफ्टिङ् सञ्चालनबाट प्राप्त आय रु.28241 मात्र देखियो । अत लाभ लागतको विश्लेषण गरी लागतमा समेत उक्त प्रालिको हिस्सेदारी कायम गराउनु पर्नेमा लागत सबै पालिकाले व्यहोर्नु पर्ने र उक्त निकायको र्याफ्टिङ् सञ्चालन लाइसेन्सको उपयोग गरे वापत नाफामा हिस्सेदारी कायम गरेको देखियो । विगतका वर्षमा समेत यो कार्यक्रम सञ्चालनम भई आम्दानी शुन्यप्राय रहनु र निरन्तर लागत व्यहोरिरहनु पर्ने अवस्थालाई मध्येनजर गरी र्याफ्टिङ् सञ्चालन मोडालिटीमा परिमार्जन गर्दै बजार प्रवर्द्धन समेतमा पालिकाको ध्यान जानु पर्दछ । | |
| ५९ | | | **बिल भरपाई, कार्य स्वीकार तथा थप योजनाः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (२) मा कामको प्रकृती परिमाण लाग्ने रकम ,उपभोक्ता समितिले बेहोर्नुपर्ने रकम तथा अन्यकुरा खुलाई प्रस्ताव आह्वान गर्नु पर्ने उल्लेख छ । सोही नियमावलीको नियम ११७ मा कुनै निर्माण कार्य सम्पन्न भएपछि कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । गाउँपालिकाले धुलाचौर पाडिँ सडक निर्माण गर्न रु. 3614530 को लागत अनुमान तयार गरी अम्मर रावलको अध्यक्षतामा गठित उपभोक्ता समिति सगँ गाउँपालिकाले रू. 30 लाख बेहोर्ने गरी सम्झौता गरेकोमा सोहि उपभोक्ता समितलाई धुलाचौर धिम पाडिँ सडक निर्माण गर्न रु. 3540045.67 को लागत अनुमान तयार गरी सम्झौता गरी क्रमसः रु. 3612614.44 र रु. 3622158.89 को कार्य सम्पन्न गरी जम्मा रु. 28,90,000/- का दरले जम्मा रु. 5888000 भुक्तानी गरेको देखिन्छ । थप प्रस्ताव आव्हान नगरी सोहि उपभोक्ता समितिलाई काम गर्न दिने उदेश्यले बजेट विनियोजन गरी, नियम 117 बमोजिम कार्य स्वीकार प्रतिवेदन समेत तयार नगरी रु. 28,90,000/- भुक्तानी गरेकोले नियमित गर्नु पर्ने रु. | २,८९०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **उपभोक्ता समितिको बिल भरपाईः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाईं र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ । गाउँपालिकाले उपभोक्ता समिति मार्फत् निम्नानुसारको योजना सम्पन्न भएकोमा कार्य सम्पन्न पुष्टी गर्ने विल भरपाई संलग्न नगरी भुक्तानी गरेकोले कार्य सम्पन्न बराबरको नपुग विल भरपाई पेश गर्नु पर्ने रु.<br><br>क्र.सं. \| भौ.नं. मिति \| योजनाको नाम \| सम्पन्न \| विल भरपाई \| नपुग विल भरपाई<br>1 \| 69-2077/11/13 \| फैति बोर्ता सडक \| 4017871.3 \| 3182000 \| 835871.3 | ८३५,८७१.३ |
| ६१ | | | **कर बिजकः**<br>मुल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १४ मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए बमोजिमको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई विल बीजक दिनु पर्ने उल्लेख छ। गाउँपालिकाले कोटेशन मार्फत बोल्ढीक धिम पाँडी सडक निर्माण गर्न उमेश स्क्वायर निर्माण सेवा लाई रू 496857.24 भुक्तानी गरेकोमा सो फर्मले रू 4,74,998.89 को मात्र कर विजक पेश गरेको देखिएकोले कर विजक भन्दा बढी भुक्तानी गरेको रु 21858.35 असूल गर्नुपर्ने रू. | २१,८५८.३५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६२</td><td></td><td></td><td>

**आनुपातिक कट्टीः**

सार्वजनिक खरिद निमयावली, २०६४ को निमय ९७(४) मा उपभोक्ता समितिबाट कुनै निर्माण कार्य गराउँदा जनसहभागिताको अंश भुक्तानीमा कट्टा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्न निर्माण कार्यमा कार्यालयले व्यहोर्नुपर्ने रकममा काम भएको रकमको अनुपातिक हिसावमा उपभोक्ता समितिलाई रकम भुक्तानी गर्नुपर्नेमा रु. 287472 बढी भुक्तानी दिएकोले असूल गर्नुपर्ने रु.

<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं. मिति</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>कार्य सम्पन्न रकम</th><th>भुक्तानी गरेको रकम</th><th>भुक्तानी हुनुपर्ने रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>69-2077/11/13</td><td>फैति बोर्ता सडक</td><td>4377929.88</td><td>4017871.3</td><td>3350000</td><td>3074475.11</td><td>275524.88</td></tr>
<tr><td>२</td><td>150-2078/3/14</td><td>क्वाडी रुगिन सडक निर्माण</td><td>1874465.15</td><td>1858595.79</td><td>1415000</td><td>1403053</td><td>11947</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>287472</td></tr>
</table>

</td><td>२८७,४७१.८८</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>

**गाउँपालिका भवनः**

गाउँपालिकाले कार्यालय भवन निर्माण गर्न रु.9999544.55 को लागत अनुमान तयार गरी रु. 4594775.28( भ्याट बाहेक) मा चण्डिका निर्माण सेवा सँग सम्झौता गरी कार्य सम्पन्न गरेको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्

</td><td></td></tr>
<tr><td>६३.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० मा कार्य सम्पादन जमानतको म्याद मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि हुनु पर्ने व्यवस्था छ । गाउँपालिकाले उक्त कार्य गर्न निर्माण व्यवसायीसँग सम्झौता गर्दा पेश गरेको राष्ट्रिय बाणिज्य बैंकको 20441000046 नं. को रु. 15,36,731।- कार्यसम्पादन जमानतको अवधि 2078 फाल्गुन 15 सम्म हुनु पर्नेमा 2078 पौष मसान्त सम्ममात्र अवधी भएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने रु</td><td>१,५३६,७३१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३.२ | | | निरिक्षणको क्रममा नया भवनको सौचालयमा प्रयोग गरीएको कमोड, टायल, धारा आदि भत्किएको देखिएकोले निर्माण व्यवसायीलाई मर्मत सम्हार गर्न लागाउने अन्यथा धरौटी तथा कार्य सम्पादन जमानत जफत गरी मर्मत सम्हार गर्नु पर्ने देखिन्छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा कुनै निर्माण कार्य सम्पन्न भएपछि कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । गाउँपालिकाले भवन निर्माण सम्पन्न गरी कार्य स्वीकार प्रतिवेदन तयार नगरी भुक्तानी गरेको देखिएकोले नियमावलीमा भएको व्यवस्था विपरीत कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| ६३.३ | | | **विना विल भुक्तानीः** सार्वजिनक निकायले कुनै विल तथा रनिङ्ग विलको भुक्तानी गर्दा प्रोभिजनल सम आईटमको विल बमोजिम भुक्तानी गर्नु पर्दछ । गाउँपालिकाले निम्नानुसारको योजनामा PS Itemवापत रु.59500 भुक्तानी गर्दा विल पेश नगरी भुक्तानी गरेको ले उक्त रकम असूल हुनु पर्ने रु.<br><br>क्र.सं. \| भौ.नं. मिति \| योजना \| फर्म \| आईटम \| भुक्तानी<br> \| \| गाउँपालिका भवन \| चण्डिका निर्माण सेवा \| विमा \| 59500 | ५९,५०० |
| ६४ | | | **कार्यसम्पन्न प्रतिवेदन-**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ६५ | | | **सार्वजनिक परिक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **सफ्टवेयर खरिद** -<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले एप्लिकेसन सफ्ट्वायर खरिद गरी रु.4,97,200।-खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्ट्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| ६७ | | | **गुणस्तर परीक्षणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुनेकुनै पनि सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६८</td><td></td><td></td><td>

**समानीकरण चालुतर्फ**

**पारिश्रमिक करः** आयकर ऐन, २०५८ को दफा ४ बमोजिम अनुसूची १ (२) अनुसार बार्षिक आयमा कर गणना गर्दा दम्पत्तिको हकमा (क) रु. ४५०००० सम्म १ प्रतिशत, (ख) रु. ४५०००० देखि रु. ५५०००० सम्म रु. १००००० मा १० प्रतिशत, (ग) रु. ५५०००० देखि रु. ७५०००० सम्म रु. २००००० मा २० प्रतिशत, (घ) रु. ७५०००० देखि रु. २०००००० सम्म रु. १२४५००० मा ३० प्रतिशत र रु. २०००००० भन्दा बढीको आम्दानीमा (घ) बमोजिम लाग्ने करको दरमा थप २० प्रतिशत अतिरिक्त कर लाग्ने व्यवस्था छ । गाउँपालिकामा कार्यरत अधिकृत स्तर तथा पारिश्रमिक पुग्ने अन्य कर्मचारीहरुको पारिश्रमिक कर माथि उल्लिखित व्यवस्था अनुसार कर कट्टि नगरेकोले कर कट्टि असूल दाखिला हुनुपर्ने रु.

<table>
<tr><th>नाम</th><th>पद</th><th>जम्मा आय</th><th>जम्मा कट्टी रु.</th><th>कर नलाग्ने रु.</th><th>कर लाग्ने रु.</th><th>कर कट्टी हुने रु.</th></tr>
<tr><td>पराम पाण्डे</td><td>बि.नि.</td><td>६८५५३८</td><td>१३६६९६</td><td>४५००००</td><td>९८८४२</td><td>९८८४.२</td></tr>
<tr><td>जनक बहादुर रोकाया</td><td>पाँचौं</td><td>६१५२९६</td><td>१३३०७२</td><td>४५००००</td><td>३२२२४</td><td>३२२२.४</td></tr>
<tr><td>राज बहादुर भण्डारी</td><td>छैठौं</td><td>६८९१३७</td><td>१६८८९४</td><td>४५००००</td><td>७०२४३</td><td>७०२४.३</td></tr>
<tr><td>प्रेमकला मल्ल</td><td>छैठौं</td><td>६८९१३७</td><td>१४३८९४</td><td>४५००००</td><td>९५२४३</td><td>९५२४.३</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>२९६५५.२</td></tr>
</table>

</td><td>२९,६१५.२</td></tr>
<tr><td>६९</td><td></td><td></td><td>

**प्रमाण कागजात बेगर भुक्तानीः**

प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (३) अनुसार स्वीकृत कार्यक्रम अनुसारको रकम खर्च गर्नु पूर्व खर्चको अख्तियारी दिनेले खर्चको यथेष्ट प्रमाणका आधारमा मात्र खर्चको स्वीकृती दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीहरु कैफियतमा उल्लिखित प्रमाण बेगर भुक्तानी दिएको देखियो । अतः बजेट खर्च गर्दा खर्चका यथेष्ट प्रमाणका आधारमा मात्र भुक्तानी दिई अनावश्यक खर्च नियन्त्रण गर्नु पर्दछ ।

<table>
<tr><th>भौ.नं.र मिति</th><th>नाम</th><th>विवरण</th><th>खर्च रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| गाउँपालिका, चालु | | | | |
| ४०÷०७७।६।२८ | | कर्मचारीको अभिमुखीकरण तालीम | ६३००० | कार्य योजना, नर्मस र प्रतिवेदन नभएको । |
| १३३÷०७७।१०।४ | | दलित लक्षित कार्यक्रम | १७२८०० | नर्मस र प्रतिवेदन नभएको । |
| १३४÷०७७।१०।४ | | ३ दिने स्वास्थ्य शिविर | ९९३५० | कार्यक्रमको फोटो र प्रतिवेदन नभएको । |
| २९२।०७८।२।३० | | एकीकृत पाठ्यक्रम अभिमुखीकरण कार्यक्रम | ८११०० | कार्य योजना र प्रतिवेदन नभएको । |
| ४२१।०७८।३।२४ | विविध सामाग्री | गिरीजा प्रसाद कोइराला प्रतिष्ठान समिति, बाजुरा | १००००० | अनुदान वितरणको निर्णय पेश हुनुपर्ने । |
| सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम, चालुः | | | | |
| २४।०७७।८।२९ | | लैङ्गिक हिंसा सम्बन्धी कार्यक्रम | १००००० | कार्यक्रमको कार्य योजना नभएको । |
| ७४।०७७।१२।३ | बुढीनन्दा आ.वि.बाँधु | शुन्य दरबन्दी भएको विद्यालय | १०००००० | पालिकाको अनुगमन प्रतिवेदन पेश हुनुपर्ने । |
| १००।०७८।१।८ | शैलेश्वरी मा.वि.,फैती | पुस्तकालय निर्माण | ६५०००० | पालिकाबाट अनुगमन प्रतिवेदन पेश हुनुपर्ने । |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १००।०७८।१। ८ | भवानी मा.वि., बोल्ढिक | पुस्तकालय निर्माण | ६५०००० | पालिकाबाट अनुगमन प्रतिवेदन पेश हुनुपर्ने । | | |
| | | | | १०८।०७८।३। १ | | गर्भवती महिलाको अल्ट्रासाउण्ड कार्यक्रम | १४३९९५ | कार्यक्रम कार्य योजना नभएको। | | |
| | | | | ११०।०७८।३। १ | | न्यानो झोला २०० सेट | १९८८८० | वितरण गरेको भरपाई पेश नभएको । | | |
| | | | | १८८।०७८।३। २१ | विमला पाण्डे | आइरन तथा फोलिक एसिड वितरण सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम | १५८००० | कार्यक्रमको कार्य योजना नभएको । | | |
| | | | | १९१।०७८।३। २१ | लक्ष्मी कुमारी भण्डारी | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | १५४६५० | कार्यक्रमको कार्य योजना नभएको । | | |
| | | | | १९५।०७८।३। २२ | | कृषि विउ विजन | ६०००० | वितरण गरेको भरपाई नभएको। | | |
| | | | | २०४।०७८।३। २४ | | नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. | ४८८९७५ | पत्रिका प्रकाशन गरेको छुट नदिएको । | | |
| | | | | २१६।०७८।३। २६ | | पोषण कार्यक्रम | ७०००० | कार्यक्रमको कार्य योजना नभएको । | | |
| | | | | २२५।०७८।३। २८ | | मातृ सुरक्षा कार्यक्रम | १९२०० | झोला वितरणको भरपाई नरहेको । | | |
| | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २२८।०७८।३।३० | | बहुक्षेत्रिय पोषण कार्यक्रम (विभिन्न ५ वटा कार्यक्रमहरु) | ८०२८३२ | कार्यक्रमको कार्य योजना नरहेको । |
| २२९।०७८।३।३० | | किटजन्य रोग नियन्त्रण कार्यक्रम | १५७१५० | कार्यक्रमको कार्य योजना नरहेको । |
| | | लामखुट्टेको वासस्थान खोजी गरी लार्भा नष्ट गर्ने अभियान | २४५००० | कार्यक्रमको कार्य योजना नरहेको । |
| शिक्षा, चालुः | | | | |
| ११।०७७।१२।४ | | फरक शीर्षक पशु शाखाको लागि भैसीपालन तालीम | ३४२०० | तालीमको कार्य योजना नरहेको । |

७०

**सोझै खरिदः**

सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) बमोजिम खरीद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ । ऐनको व्यवस्था बिपरीत यस वर्ष पालिकाबाट प्रतिस्पर्धा बेगर सोझै खरीद गरेको पाइयो । प्रतिष्पर्धा नगरी सोझो खरिद गर्ने कार्य नियन्त्रण हुनु पर्दछ।

| **गो.भौ.नं.मिति** | **खरीद गरेको फर्म** | **सामानको विवरण** | **मू.अ.कर सहितको रकम रु.** |
|---|---|---|---|
| गाउँपालिका, चालुः | | | |
| ६८।०७७।६।३० | जगन्नाथ छापाखाना | कार्यालय सामाग्री समेत | ४४६९०५ |
| १००।०७७।८।१८ | जगन्नाथ छापाखाना | कार्यालय सामाग्री समेत | ३०००१५ |
| १७४।०७७।१०।१८ | जगन्नाथ छापाखाना | कार्यालय सामाग्री समेत | ३६०६१०.६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १७५।०७७।१०।१८ | जि.पी.कम्प्युटर एण्ड स्टेशनरी सेन्टर | कार्यालय सामाग्री समेत | ८६००० | | |
| | | | | १७६।०७७।१०।१८ | वैष्णवी इन्टरप्राइजेज | कार्यालय सामाग्री समेत | ९५३०० | | |
| | | | | २०७।०७७।११।१३ | जगन्नाथ छापाखाना | कार्यालय सामाग्री समेत | २८८३२२ | | |
| | | | | २०८।०७७।११।१४ | जगन्नाथ छापाखाना | कार्यालय सामाग्री समेत | २१९५१९ | | |
| | | | | ३७१।०७८।३।१९ | जगन्नाथ छापाखाना | कार्यालय सामाग्री समेत | ३००००० | | |
| | | | | ३७४।०७८।३।२० | जगन्नाथ छापाखाना | कार्यालय सामाग्री समेत | २७६९५४ | | |
| | | | | सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम, चालुः | | | | | |
| | | | | ५३।०७७।१०।५ | डिएसपी सप्लायर्स | फर्निचर सामाग्री | ३७७०८१ | | |
| | | | | ६४।०७७।१०।१८ | पर्वत पुस्तक पसल एण्ड अर्डर सप्लायर्स | स्टेशनरी सामाग्री | २४८५५१ | | |
| | | | | १७२।०७८।३।१९ | जगन्नाथ छापाखाना | शैक्षिक सामाग्री | २९१३०२ | | |
| | | | | १७३।०७८।३।१९ | एप्पल टेक्निकल इन्स्टिच्युट प्रा.लि. | फर्निचर सामाग्री | २८२५०० | | |
| | | | | १८३।०७८।३।२० | जगन्नाथ छापाखाना | शैक्षिक सामाग्री | २१९५१९ | | |
| | | | | जम्मा | | | ३७९२५७८.६ | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७१</td><td></td><td></td><td>

**सफ्टवेयरको लागत अनुमानः**

सार्वजनिक खरिद ऐन,2063 को दफा 5 बमोजिम एक लाख रुपैया भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।कार्यालयले एपलिकेशन सफ्टवेयर जडान एक तथा वार्षिक वाइफाई खरिद एक गरी दुईवटा खरिद बापत रु. १२७१८१५भुक्तानी गरेकोमा सोको लागत अनुमान तयार पारेको छैन्। लागत अनुमान बिना भुक्तानी भएको कार्य नियन्त्रण हुनु पर्दछ ।

<table>
<tr><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>आपूर्तकको नाम</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>६५÷०७७।६।३०</td><td>एपलिकेशन सफ्टवेयर</td><td>इन्फोबेटा सिस्टम प्रा.लि.</td><td>४९७२००</td></tr>
<tr><td>६६÷०७७।६।३०</td><td>वाइफाईको वार्षिक शुल्क</td><td>एभरेष्ट वायरलेश नेटवर्क प्रा.लि.</td><td>७७४६१५</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१२७१८१५</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>

**प्रतिलिपिको आधारमा भुक्तानीः**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७ (३) मा खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिम प्रतिलिपिको आधारमा भुक्तानी गरेकोले सक्कल बील भरपाई पेश हुनुपर्ने रु.

<table>
<tr><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>६६।०७७।६।३०</td><td>एभरेष्ट वायरलेस नेटवर्क प्रा.लि.</td><td>७७४६१५</td><td>सक्कल बील पेश गर्नुपर्ने</td></tr>
<tr><td>१७८।०७७।१०।१८</td><td>नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.</td><td>१६८०८७</td><td>सक्कल बील पेश गर्नुपर्ने</td></tr>
<tr><td>४३९।०७८।३।२६</td><td>नेपाल न्युज नेटवर्क इन्टरनेशनल प्रा.लि.</td><td>२०५००</td><td>सक्कल बील पेश गर्नुपर्ने</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९६३२०२</td><td></td></tr>
</table>

</td><td>९६३,२०२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३ | | | **बढी भुक्तानीः**<br>६६÷०७७।६।३०, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७ (३) मा खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले वाइफाईको वार्षिक शुल्कको लागि एभरेष्ट वायरलेस नेटवर्क प्रा.लि.लाई भुक्तानी गर्दा पेश भएको बील मात्र रु. ७४०७५० को भएकोमा रु. ७७४६१५ भुक्तानी भएकोले बढी भुक्तानी रु. ३३८६५ असूल हुनु पर्ने रु. | ३३,८६५ |
| ७४ | | | **स्वयं सेवक शिक्षकः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) बमोजिम स्थानीय तहलाई दिएको शिक्षा सम्बन्धी अधिकारमा गाउँपालिकालाई विद्यालयमा दरबन्दी सिर्जना गर्ने तथा शिक्षक नियुक्ती गर्ने अधिकार दिएको देखिदैंन । पालिकाले बिभिन्न विद्यालयमा आफैं दरबन्दी सिर्जना गरी स्वयं शिक्षक नियुक्त गरी गो.भौ.नं. ७१। २०७७।६।३० बाट रु. ११०२०००, गो.भौ.नं. ८४।०७७।८।९ बाट रु. १८३०६००, गो.भौ.नं. २३४।२०७८।१।४ बाट रु. २४७५२३२ र गो.भौ.नं. ३६९ मिति २०७८।३।१९ बाट रु. ३४८५००० गरी जम्मा रु. ८८९२८३२ खर्च लेखेको छ । तसर्थ, नियमावलीमा भएको व्यवस्थालाई पालना गर्नु पर्दछ । | |
| ७५ | | | **पदाधिकारी बैठक भत्ताः**<br>सुदूरपश्चिम प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा १२ बमोजिम यस ऐनमा उल्लेख गरेको सुबिधा भन्दा बढी सुबिधा लिन नपाउने व्यवस्था रहेको छ ।पालिकाका बिभिन्न पदाधिकारी तथा कर्मचारी समेतले देहाय बमोजिम बैठक बसी बैठक भत्ता भुक्तानी प्राप्त गरेकोले उक्त भत्ता सम्बन्धितबाट असूल हुनुपर्ने रु. | २१२,१७६ |

| गो.भौ.नं.र मिति | विवरण | कर कट्टि पछि असूल हुनुपर्ने रकम रु. | कैफियत |
|---|---|---|---|
| गाउँपालिका, चालुः | | | |
| ९०।२०७७।८। १३ | स्वास्थ्यतर्फका करारका कर्मचारी नियुक्त गर्दा | ४१२२५ | पदाधिकारी तथा कर्मचारी समेत बैठक बसी भत्ता बुझेको । |
| १९३।२०७७। | एम्बुलेन्स चालकको नियुक्ती गर्दा | ३५०० | पदाधिकारी समेत बैठक बसी भत्ता बुझेको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ११।१२ | | | । | |
| | | | १३५।०७७।१०।४ | विपद् व्यवस्थापन समितिको बैठक | ११९०० | पदाधिकारी बैठक बसी भत्ता बुझेको। | |
| | | | ३१७।०७८।३।३ | न्यायिक समितिको बैठक | ४९७२५ | पदाधिकारी बैठक बसी भत्ता बुझेको । | |
| | | | ३४०।०७८।३।१३ | गाउँ शिक्षा समितिको बैठक | १२७५० | पदाधिकारी बैठक बसी भत्ता बुझेको। | |
| | | | ४१५।०७८।३।२४ | अपाङ्ग परिचयपत्र वितरण तथा व्यवस्थापन समितिको बैठक | १७८५० | पदाधिकारी बैठक बसी भत्ता बुझेको। | |
| | | | शिक्षा, चालुः | | | | |
| | | | २।०७७।८।२२ | सामूदायिक विद्यालयका प्र.अ. तथा विद्यालय व्यवस्थापन समितको बैठक | १४०२५ | पदाधिकारी बैठक बसी भत्ता बुझेको। | |
| | | | सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम, चालुः | | | | |
| | | | १६२।०७८।३।१९ | घटना दर्ता, सामाजिक सुरक्षा तथा गुनासो सुनुवाई सम्बन्धी अभिमुखीकरण कार्यक्रम | ४१६५० | पदाधिकारीले बिभिन्न मितिमा बैठक बसी भत्ता बुझेको । | |
| | | | १९४।०७८।३।२२ | प्रधानमन्त्री रोजगार कार्यक्रमको निर्देशक समितिको बैठक | ४२५०० | पदाधिकारीले बिभिन्न मितिमा बैठक बसी भत्ता बुझेको । | |
| | | | जम्मा | | २३५१२५ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | कार्यालयबाट मिति २०७८/१/८ मा प्राप्त प्रतिक्रिया बमोजिम यस दफाको कुल रु २३५१२५ मध्ये अध्यक्ष गोविन्द बहादुर मल्लबाट रु १८२७५, वडा अध्यक्ष लालजित थापाबाट रु २५४९ र धनरुप बुढाबाट रु २१२५ गरी कुल रु २२९४९ असुल भई प्रतिक्रियाबाट बेरुजु फर्छयौट गरिएको । | |
| | | | | |
| ७६ | | | **शिर्षक विपरित खर्चः** प्रदेशआर्थिक कार्यविधी नियमावली, २076 को नियम 36(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शिर्षकमा रहेर गर्नु पर्दछ र खर्च बाँकी छ भने सो को विचार गरी खर्च गर्ने र खर्च गर्न निकासा दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले भुक्तानी दिँदा शिर्षक फरक पारी भुक्तानी दिएको देखियो । यसरी भुक्तानी दिइनु मनासिव देखिएन। उदाहरणार्थ निम्न छन् | |

| .भौ.नं.मिति | खर्च लेख्नु पर्ने शीर्षक | लेखेको शीर्षक | रकम रु. |
| --- | --- | --- | --- |
| १८2।२०७८।३।२२ | इन्धन | मर्मत | ७५४९२ |
| १८३।२०७८।३।२२ | इन्धन | मर्मत | ३२७७० |
| १८३।२०७७।१०।१९ | इन्धन | मर्मत | ८३२०० |
| ३७०।२०७९।३।१९ | इन्धन | विविध | ९०००० |
| ४०१।२०७८।३।२२ | इन्धन | विविध | ४३००० |
| १४४।२०७७।१०।५ | औषधी खरिद | विविध | २२५०३४ |
| ११।२०७८।३।२ | औषधी खरिद | विविध | १८२७६५ |
| २३९।२०७८।१।६ | मर्मत | विविध | ७८३४० |
| ३७०।२०७८।३।१९ | इन्धन | विविध | ९०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७७ | | | **भ्रमण खर्च**<br>सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>· अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>· नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>· भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>· कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>· स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ७८ | | | **भ्रमण अभिलेख एवम् प्रतिवेदनः**<br>भ्रमण खर्च नियमावली,२०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च बापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित पालिकाले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । पालिकाका बिभिन्न कर्मचारीले बिभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण बील अनुसार बजेट खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन् । एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन,सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको, एकै दिन गएर फर्कन सक्ने स्थान समेतको दैनिक भ्रमण भत्ता रु. ५३५१४९ भुक्तानी गरेको नियमित देखिएन । नियमावलीमा उल्लेख भए बमोजिम भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७९ | | | **प्रमाण पेश गर्नुपर्नेः**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम ६ (१) मा पदाधिकारी वा कर्मचारीले काजमा वा भ्रमणमा जाँदा आफूले यात्रा गर्दा खरिद गरेको टिकट र बोर्डिङ्ग पास पेश गरेमा सोधभर्ना पाउने व्यवस्था छ । पालिकाले देहाय बमोजिम टिकट र बोर्डिङ्ग पास बिना नै भुक्तानी गरेको हुनाले टिकट वा बोर्डिङ्ग पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु. | १७,८५५ |

| भौ.नं.र मिति | नाम | विवरण | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|
| ६७÷०७७।६।३० | जनक बहादुर शाही | कोल्टी देखि नेपालगन्ज | ५५०० | टिकट पेश नभएको। |
| १६१÷०७७।१०।१८ | विष्णुलाल पाण्डे | काठमाण्डौं देखि नेपालगन्ज | ९१५० | बोर्डिङ पास पेश नभएको । |
| २२२÷०७७।१२।६ | जनक बहादुर शाही | | ३२०५ | टिकट पेश नभएको। |
| **जम्मा** | | | १७८५५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८० | | | **असम्बन्धितलाई भ्रमण भत्ताः**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २० मा गैर सरकारी व्यक्तिलाई नेपाल भित्र वा विदेशमा भ्रमण गराउँदा नेपाल सरकारको निर्णय बमोजिम मात्र गराउने उल्लेख छ । यस पालिकाले २ जना स्थानीय पत्राकार तथा प्रहरीलाई समेत यस पालिकाको योजना अनुगमन तथा अन्य कार्यका लागि दैनिक भ्रमण खर्च रु. २०५०० उपलब्ध गराएको पाइयो । नियमावलीको व्यवस्था विपरीत भएको दैनिक भ्रमण भत्ता दिने कार्य नियन्त्रण हुनु पर्दछ । | |
| ८१ | | | **बाल विकास सहजकर्ता चालुतर्फ निकासाः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व. २०७७।७८) बमोजिम प्रारम्भिक बाल विकास सहजकर्ताको पारिश्रमिक निकासा अनुदान दिंदा सम्बन्धित संस्थाले शैक्षिक तथ्याङ्क २०७७ भरी प्रमाणित भएको यकीन गरी सो आधारमा भर्ना भएका बालबालिकाको आधारमा अनुदान दिने भनी शशर्त चालुतर्फ व्यवस्था रहेको छ । पालिकाले माथि उल्लिखित विवरण पेश नगरी रु. १९२००० गाउँपालिका चालुतर्फबाट १७ विद्यालयलाई निकासा दिएकोले सो को अनुगमनको प्रतिवेदन पेश हुनुपर्नेको साथै रकम निकासा दिएको प्रगति सुनिश्चित गर्दै नियमावलीमा भएको व्यवस्थालाई पालना गर्नु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८२</td><td></td><td></td><td>भ्रमण नगरी भ्रमण खर्च<br>भ्रमण खर्च नियमावली २०७४ को नियम ६ मा सरकारी कामको सिलसिलामा भ्रमण गर्दा भ्रमण खर्च भुक्तानी हुने उल्लेख छ । गाउँपालिकाले निम्नानुसारका कर्मचारीहरुलाई कार्यालयमै हाजिरी भएका वखत तथा हाजिरी खातामा नजानाई भ्रमण अभिलेख वेगर दैनिक तथा भ्रमण भत्ता भुक्तानी गरेको देखिएकोले निम्नानुसारको रकम दाखिला गर्नुपर्ने देखिएको रु
<table>
<tr><th>भौ.नं. मिति</th><th>कर्मचारीको नाम</th><th>भ्रमण अवधी</th><th>भ्रमण नगरेको दिन</th><th>रकम</th></tr>
<tr><td rowspan="3">100-2078/3/25</td><td rowspan="2">अनन्त प्रशाद पाण्डे</td><td>2078/3/2-3/9</td><td>3</td><td>3960</td></tr>
<tr><td>2078/1/11-1/18</td><td>2</td><td>2640</td></tr>
<tr><td>टोप बहादुर शाही</td><td>2078/2/29-3/4</td><td>4</td><td>5280</td></tr>
<tr><td></td><td>के.आई.सिंह</td><td>२०७८।३।१७ -३।२३</td><td>४</td><td>२०६३</td></tr>
<tr><td></td><td>शङ्कर बहादुर थापा</td><td>२०७८।३।५ -३।१२</td><td>७</td><td>१०५६०</td></tr>
<tr><td></td><td colspan="3">जम्मा</td><td>24503</td></tr>
</table>
</td><td>२२,४४०</td></tr>
<tr><td>८३</td><td></td><td></td><td>दैनिक भ्रमण भत्ताः<br>२५०।०७८।१।८,भ्रमण भत्ता नियमावली, २०६४ को नियम ७ (६क) बमोजिम दैनिक भ्रमण भत्ता ७ दिन भन्दा बढी लिन पाइने छैन् । यदि कुनै पदाधिकारी तथा कर्मचारीलाई ७ दिन भन्दा बढीको कुनै काममा खटाउनु पर्ने भएमा एक तह माथि विभागीय स्वीकृति लिनु पर्नेमा पालिकाका अध्यक्ष श्री गोबिन्द बहादुर मल्ल मिति २०७७।१२।१२ देखि २०७८।१२।२४ सम्म आफै दैनिक भ्रमण अवधि स्वीकृति गरी १३ दिन सम्मको दैनिक भ्रमण भत्ताको सुविधा लिएकोमा सो कार्य नियम सम्मत नदेखिएको रु.</td><td>३०,०५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८४ | | | **घटी करकट्टीः**<br>आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्क तथा ढुवानीमा क्रमशः १५ प्रतिशत तथा १० प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । निम्न बमोजिममा १५ तथा १० प्रतिशतका दरले कर कट्टि गर्नुपर्नेमा घट्टि कर कट्टि गरेकोले घटी रकम असूल गरी सङ्घीय राजश्व खाता दाखिला गर्नुपर्ने रु. | २३,६३३.५ |

| गो.भौ.नं.मिति | विवरण | भुक्तानी रकम | कर कट्टि गर्नुपर्ने | कट्टि भएको | कम |
|---|---|---|---|---|---|
| गाउँपालिका, चालुः | | | | | |
| 1११-076/8/२4 | ........... (१५ प्रतिशतका दरले) | ५०००० | ७५०० | ७५० | ६७५० |
| १४७-077/१०/६ | नमस्ते कर्णाली राष्ट्रिय सप्ताहिक पत्रिका (१५ प्रतिशतका दरले) | ७४००० | ११९०० | १११० | ९९९० |
| सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम, चालुः | | | | | |
| १८९-07८/३/२१ | न्यू सेती कर्णाली ढुवानी सेवा (१० प्रतिशतका दरले) | ३५५०० | ३५५० | ५३२.५ | ३०१७.५ |
| १९०-07८/३/२१ | न्यू सेती कर्णाली ढुवानी सेवा (१० प्रतिशतका दरले) | ४५६०० | ४५६० | ६८४ | ३८७६ |
| जम्मा | | | | | २३६३३.५ |


https://nams.oag.gov.np

<table>
<tr><td>क्रम</td><td>भौचर नम्बर</td><td>भौचर मिति</td><td>बिषय</td><td>बेरुजु रकम</td></tr>
<tr><td>८५</td><td></td><td></td><td>मर्मतः<br>सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९६ अनुसार सार्वजनिक निकायमा रहेका कुनै मालसामान मर्मत गर्नुपर्ने भए सोको लिखित जानकारी सो निकायको प्रमुखलाइ दिनुपर्ने र सो को जानकारी प्राप्त भएपछि यसै नियमावलीको नियम १३ (५) अनुसार लागत अनुमान तयार गर्न लगाइ खर्च लेख्नूपर्ने व्यवस्था छ । कार्यालयले बा. २ झ. ४३९६ गाडी मर्मत गर्दा लागत अनुमान तयार नगरी र मर्मत अभिलेख समेत संलग्न नगरी निम्नानुसारको रकम भुक्तानी दिएको देखिन्छ। मर्मत खर्च लेख्दा लागत अनुमान तयार गर्ने र मर्मत अभिलेख समेत संलग्न गरी खर्च लेख्नु पर्दछ। उदाहरणार्थ निम्नानुसार समावेश गरिएको छ ।
<table>
<tr><td>गो.भौ.नं. र मिति</td><td>भुक्तानी लिने संस्था</td><td>भुक्तानी रकम रु.</td></tr>
<tr><td>४००।२०७८।३।२२</td><td>माता सफल मोटर्स पाट्र्स, बाँके</td><td>३०००००।</td></tr>
<tr><td>४०१।२०७८।३।२२</td><td>माता सफल मोटर्स पाट्र्स, बाँके</td><td>४३०००।</td></tr>
<tr><td>१८४।२०७७।११।१</td><td>माता सफल मोटर्स पाट्र्स, बाँके</td><td>३८३९७८।</td></tr>
<tr><td>४४६।२०७८।३।२६</td><td>युनिक आइडल अटोमोवाइल्स प्रा.लि.</td><td>१०८२९२।</td></tr>
<tr><td>१७९।२०७७।१०।२९</td><td>दक्षिणकाली इन्कर्पोरेट प्रा.लि.</td><td>१५७५१८।</td></tr>
</table></td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>अनुदानको उपयोगः<br>प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (२) अनुसार स्वीकृत कार्यक्रम अनुसारको रकम खर्च गर्नु पूर्व खर्चको अख्तियारी दिनेले खर्चको यथेष्ट प्रमाणका आधारमा मात्र खर्चको स्वीकृती दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले ५० प्रतिशत लागत सहभागितामा आधारित खरिद गरिएका ४००० के. जि. गहुँ वितरण गर्दा जग्गा लगाउने कृषकहरुको क्षेत्रफल यकीन नगरी बिना आधार वितरण गरेको देखिएको छ । गहुँ बिउ वितरण गर्दा वढीमा १८ के. जि. र कममा २ के. जी. सम्म मात्र वितरण गरेको देखियो । यसरी क्षेत्रफल यकीन नगरी वितरीत बिउहरुको सहि सदुपयोग भएको छ भन्ने अवस्था रहेन । क्षेत्रफल यकीन एवं सही कृषकको पहिचान गरेर मात्र बिउहरु वितरण गरिनु पर्दछ । यसरी उपरोक्तानुसारको खरिद गरिएको बील संलग्न नगरी पालिकाबाट रु. १८०४००। अनुदान उपलव्ध गराएको छ । सो को बील संलग्न गरी खर्च लेखेको रकमको पुष्ट्याइ गर्नुपर्ने देखिएको रु.</td><td>१८०,४००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८७ | | | **अनुमती नलिई कारोबारः**<br>व्यापारिक फर्म तथा संस्थाहरुले आफुले अनुमति लिएका वस्तु तथा सेवाको मात्र कारोवार गर्नु पर्दछ। कार्यालयले राज टेंडर्स एण्ड एग्रोभेट सेन्टरको बील पेश गरी बिभिन्न बिउ बिजन तथा विषादी खरिद गरे बापत अनन्तप्रसाद पाण्डेलाई रु. ४६७४८।भुक्तानी गरेको छ । बील पेश गर्ने संस्थाको उक्त व्यवसाय गर्न पाउने संस्था नभएको हुनाले बील पेश गरेको आधारमा भुक्तानी गरीनु साथै उक्त खरिद गरिएका बिउ तथा विषादीहरु बुझेको भर्पाइ प्रमाण समेत पेश नगरिनुले सम्बन्धित व्यापारिक संस्थावाट खरिद नगरिनु एवं कर्मचारीले रकम बुझ्नु एवं प्रयोजन बेगर बील पेश गरेको आधारमा खर्च लेखिनुले उक्त खर्चलाइ नियम सम्मत मान्न नसकिने रु. | ४६,७८४ |
| ८८ | | | **कोटेशन बेगर खरिदः**<br>३०८।२०७८।३।२, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (४) अनुसार सार्वजनिक निकायले एक लाख रुपैया भन्दा कढि रकमको सोझै खरिद गर्दा मौजुदा सूचिमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ता निर्माण व्यवसायी परामर्शदाता वा सेवा प्रदायकवाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव मागगरी खरिद गर्नु पर्ने व्यवस्था छ । कृषि कार्यक्रम अन्तर्गत बिभिन्न बिउ बिजन खरिद गर्दा दरभाउपत्र बेगर खरिद गरी साउद एग्रोभेट सेन्टरलाइ बिभिन्न टुक्रे बील एवं एउटै मिति २०७८।२।१० को बील जारी गरि रु. २५०००० भुक्तानी गरेको देखियो । यसरी नियम विपरित खरिद गरी उक्त संस्थाले बुझेको रिसिप्ट संलग्न नगरी खर्च लेखेको रकम अनियमित देखिएको रु. | २५०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८९ | | | **जडिबुटि उत्पादन तालिमः**<br>प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (5) अनुसार सरकारी निकायवाट कुनै तालिम सेमिनार गोष्टी कार्यशाला गोष्ठी आदि सन्चालन गर्नु पर्दा सो कार्यक्रमको लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराउनु पर्ने यस्तो स्वीकृत कार्यक्रम अनुरुप सन्चालित तालिम सेमिनार गोष्ठी कार्यशाला गोष्ठी सम्पन्न भई सकेपछि कार्यक्रम अनुरुप सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा बील भर्पाइ सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले बिभिन्न ३ तालिम कार्यक्रम सन्चालन जडिवुटि उत्पादन तथा प्रशोधन सिलाई कटाइ सिकर्मी फर्निचर गर्नका लागि एप्पल टेक्निकल इन्स्टिच्युट प्रा.लि.संग सम्झौता गरी रु. १३८२२८० खर्च लेखेकोमा निम्न व्यहोरा देखिएका छन्।<br>• तालिम कार्यक्रमका लागि सूचना प्रकाशन गरेको नदेखिएको,<br>• लागत इष्टिमेट तयार गरेको नदेखिएको,<br>• कुन कुन वडाबाट के कति जनालाई सहभागी गराइने हो स्पष्ट अभिलेख नराखेको,<br>• तालिम सन्चालन गर्ने संस्थासंग सम्झौता लगायतका आवश्यक कागजात संलग्न नरहेको,<br>• तालिम सम्पन्नताको प्रमाणपत्र नरहेको,<br>उपरोक्त आधारमा तालिम कार्यक्रम सम्पन्न भएकै हो भन्ने आधार रहेन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९० | | | **कार्यपत्र बेगरको प्रशिक्षण भत्ताः**<br>कार्य सञ्चालन निर्देशिका, २०७५ को परिच्छेद ७ को दफा १५.१ मा कार्यपत्र बेगर कुनै कार्यक्रम वा तालीम बापतको रकम लिन नपाउने व्यवस्था छ । कार्यालयले निम्न बमोजिमको कार्यक्रम वा तालीममा कार्यपत्र बेगर लिएको प्रशिक्षण भत्ता रकम सम्बन्धितबाट असूल गरी दाखिला हुनुपर्ने रु. | ४३,२५० |

| **गो.भौ.नं.मिति** | **कार्यक्रम** | **रकम रु.** | **कर कट्टी पछिको रकम रु.** |
|---|---|---|---|
| गाउँपालिका, चालुः | | | |
| २८८।०७८।२।२८ | लक्षित समूह कार्यक्रम | २०००० | १७००० |
| २९२।०७८।२।३० | एकीकृत पाठ्यक्रम अभिमुखीकरण कार्यक्रम | ९६०० | ८१६० |
| शिक्षा, चालुः | | | |
| ८।०७७।१०।६ | जेनेटिक रोगवारे एक दिने तालीम | १६००० | १३६०० |
| ११।०७७।१२।४ | भैसीपालन सम्बन्धी तालीम | ५६०० | ४७६० |
| जम्मा | | | ४३५२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९१ | | | **शिक्षा, चालुः**<br>**सम्झौता भन्दा बढी भुक्तानीः** १२।०७८।१।९, खर्च शीर्षक फरक पारी पशु विकास कार्यक्रमको लागि भैसी खोर निर्माण कार्यक्रम अन्तर्गत पालिका र उपभोक्ता समितिबीच रु. ८०००० मात्र पालिकाले व्यहोर्ने गरी सम्झौता गरेकोमा सम्पन्न कार्यको भुक्तानी गर्दा रु. ८३५४३.६० भुक्तानी भएकोमा सम्झौता भन्दा बढी भुक्तानी भएको रु. ३५४३.६० असूल हुनुपर्ने रु. | ३,५४३.६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९२ | | | **गाउँपालिका सामाजिक सुरक्षा भत्ताः**<br>गाउँपालिकाले सार्वजनिक खर्च गर्दा सबैलाई फाईदा पुग्ने गरी तथा सकेसम्म पूँजी निर्माण हुने गरी खर्च गर्नु पर्दछ । गाउँपालिकाले सामाजिक सुरक्षा वापत ६५ वर्ष देखि ७० वर्ष सम्मका नागरिकहरुलाई प्रति महिना रु. ३०० र ग र घ बर्गका अपांगलाई प्रति महिना रु. २०० का दरले वितरण गरी जम्मा रु.7,00,000।– खर्च लेखेको देखिएको छ । यस्तो किसिमको वितरणमुखि खर्च नियन्त्रण हुनुपर्दछ । | |
| ९३ | | | **सामाजिक सुरक्षातर्फ**<br>**सामाजिक सुरक्षातर्फ बढी निकासाः–** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत् भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेका छन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् | |
| ९३.१ | | | सामाजिक सुरक्षा सन्चालन कार्यविधि, २०७५ को १३ नामदर्ता र नविकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फाल्गुण मसान्तभित्र विभागले सन्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली एम. आई. एस.मा अनिवार्य रुपमा प्रविष्टि गर्नु पर्नेमा सो गरेको पाइएन । कार्यविधिको पालना गरिनु पर्दछ ।<br>**वैंक मार्फत् भत्ता वितरणः** सामाजिक सुरक्षा सन्चालन कार्यविधि, २०७५ को १६ (घ) बैंकिङ्ग प्रणाली मार्फत् सामाजिक सुरक्षा वितरणमा नगई सकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नु पर्ने व्यवस्था छ । गाउंपालिकाले यो वर्ष सवै वडाको वैकिंग प्रणाली मार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिएन । वैकिंङ्ग प्रणाली मार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गरिनु पर्दछ ।<br>**लाभग्राहीको नाम नविकरणः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ७ को उपदफा (१) मा भत्ता प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहीहरुले आगामी आ.व.मा पनि भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ६ मा उल्लेखित समयावधि भित्र सम्वन्धित गाउँपालिका वा नगरपालिकामा दरखास्त दिनु पर्ने व्यवस्था छ । सो कार्यविधिको उपदफा (२) मा यसरी नविकरण नगर्ने लाभग्राहीले पछिल्लो आ.व.मा भत्ता नपाउने समेत उल्लेख गरेकोमा यस गाउपालिकाले सोको परिपालना गरेको पाइएन । कार्यविधिको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९३.२</td><td></td><td></td><td>कार्यालयले लेखापरीक्षणका लागि पेश गरेको अभिलेख अनुसार निम्नानुसारको मृतक घोषित भइसकेको अवस्थामा समेत निम्नानुसारको ज्येष्ट नागरिक भत्ता भुक्तानी भएको देखिएकोले उक्त रकम वितरण गर्ने कर्मचारीबाट असूल गरी दाखिला<br>गर्नुपर्ने देखिएको रु.<br>
<table>
<tr><th>परिचय पत्र नं.</th><th>मृतकको नाम</th><th>वडा नं.</th><th>मृत्यू भएको मिति</th><th>पाएको भत्ता</th><th>पाउनु पर्ने</th><th>बढि भुक्तानी भएको रकम रु.</th></tr>
<tr><td>२००७०७२६००१२८</td><td>धनसुर सार्को</td><td>६</td><td>२०७८।२।११</td><td>१२०००</td><td>७५००</td><td>४५००</td></tr>
<tr><td>२००५०७०७०१२२९</td><td>धनु पाण्डे</td><td>६</td><td>२०७८।१।२२</td><td>१२०००</td><td>५२००</td><td>६८००</td></tr>
<tr><td>२००३०११५०२६६५</td><td>सगुनी वुढा</td><td>५</td><td>२०७७।४।१</td><td>१२०००</td><td>0</td><td>१२०००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>23300</td></tr>
</table>
उपरोक्तानुसार मृतकलाई समेत भत्ता रकम वितरण गरेको देखिएकोले अन्य वडाहरुमा समेत यस प्रकारको अवस्था विद्यमानता रहन सक्ने भएकोले पालिकाले नै छानबीन गरी असूल गर्नु पर्दछ ।</td><td>२३,३००</td></tr>
<tr><td>९४</td><td></td><td></td><td>विपद् व्यवस्थापन<br>समिति गठनः- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको र समिति गठन भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९५ | | | **कार्ययोजनाः**<br>( विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद कार्यकारी र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे र नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने र गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु र गराउनु पर्दछ । | |
| ९६ | | | **विपद् व्यवस्थापन कोषः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु.30,12,000आम्दानी भई रु29,10,354.80 खर्च गरेकोदेखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम खर्च लेखेकोरनियम बनाएकोरकोष खडा गरेको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ९७ | | | **वार्षिक प्रतिवेदनः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९८ | | | **सरकारी तथासार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः**<br>( स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः<br>:<br>पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ । | |
| ९९ | | | कोभिड १९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७८ असाढ मसान्तभित्र गाउंपालिकाले संघीय सरकारवाट रु. १० लाख र प्रदेश सरकारबाट रु. २० लाख समेत गरी जम्मा रु. ३० लाख आम्दानी गरेकोमा रु. २९८६५५६। खर्च गरेको छ । खर्चको व्यहोरा निम्न रहेका छन<br>यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्<br>**शिर्षक** — **खर्च रकम रु.**<br>ल्याब निर्माण तथा सन्चालनका लागि — १०४८१२९<br>औषधी तथा स्वास्थ्य सामग्रीहरु — ४४८१७५<br>आइसोलेसन निर्माण — ९९९५७४<br>पारिश्रमिक खर्च — ३९२४०० | |
| ९९.१ | | | खर्च गर्नका लागि कार्यविधि तयार गरेको देखिएन । | |
| ९९.२ | | | उक्त सेवाका लागि स्टाफ नर्स २ जना र लेवेरोटोरी पर्सनल १ जनावाट सेवा उपलव्ध गराए बापत रु. 392400। पारिश्रमिक खर्च लेखेकोमा लुगा भत्ता समेत .रु. ३००००।खर्च लेखेकोले नपाउने सुविधा उपलव्ध गराएको अनियमित देखिएको रु. | ३०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१००</td><td></td><td></td><td>पेश्की बाँकिः<br>आर्थिक वर्षको अन्तमा बाँक ीरहको देहाय बमोजिमको पेश्की प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ नियम ७४ तथा सार्वजनिक खरिद नियमवली,२०६४ को नियम ११३(५) बमोजिम असूल फछ्यौंट गर्नुपर्ने रु.....<br><table><tr><th>क्र.सं.</th><th>शिर्षक</th><th>पेश्की लिने व्यक्ती फर्म</th><th>विवरण</th><th>रकम रू</th></tr><tr><td></td><td colspan="4">म्याद ननाघेको</td></tr><tr><td>1.</td><td>पुजिगत</td><td>धुलाचौर पाडिँ सडक निर्माण उ.स.</td><td>सडक निर्माण</td><td>540000</td></tr></table></td><td></td></tr>
<tr><td>१०१</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षणः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२)मा ले स्थानीय तहले कानूनबमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । कार्यालयले सबै प्रकारको आय र व्ययको आन्तरिक लेखापरीक्षण गराई प्रतिबेदन लेखिएका व्यहोरा अन्तिम लेखापरीक्षण अगावै फछर्यौट गराई अन्तिम लेखापरीक्षणको लागि श्रेस्ता पेश गर्नु पर्नेमा कार्यालयले ब.उ.शि.नं. ३७०००११६४,३६५००१०४३ र 314010123 को मात्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरीक लेखापरीक्षण गरेको देखिन्छ । आन्तरीक लेखापरीक्षणबाट कायम निम्नानुसारको बेरूजु अन्तिम लेखापरीक्षणको अवधि सम्म असूल फछर्यौट नगरीएको ले असूल पछर्यौट गर्नु पर्दछः</td><td></td></tr>
<tr><td>१०१.१</td><td></td><td></td><td>आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम अग्रिम रुपमा कर कट्टी गर्नु पर्ने उल्लेख छ। गाउँपालिकाले माथिल्लो खोले खेत घेरावार निर्माण उपभोक्ता समितिलाई ढुवानी वापत रु. 107410 भुक्तानी गर्दा बहाल कर १० प्रतिशत वापत रु. 10741 कट्टा गर्नु पर्नेमा नगरेकोले सम्बन्धित उपभोक्ता समिति बाट असूल गरी संघिय संचित कोषमा दाखिला गर्नु पर्ने रु.</td><td>१०,७४१</td></tr>
<tr><td>१०१.२</td><td></td><td></td><td>आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम३९ मा प्रमाणित पुष्ट्याईको आधारमा लेखा राख्नु पर्ने उल्लेख छ । गाउँपालिकाले टार्गेट ईन्जिनियरीङ्ग सोलुसन कन्सल्टेन्सीलाई बोलपत्र मुल्यांकन वापत रु.395500 भुक्तानी गरेकोमा पर्याप्त आधार र कागजात नपुगेकोले आवश्यक कागजात राखि नियमित गर्नु पर्ने रु.</td><td>३९५,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०२</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छः (रु.हजारमा)
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू (A)</th><th>यो वर्ष सम्परीक्षण गरिएको बेरुजू (B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th></tr>
<tr><td>८१५१४</td><td>३</td><td>८१५११</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०३</td><td></td><td></td><td>अद्यावधिक बेरुजु<br>यस पालिकाको २०७६।७७ सम्मको फछ्यौंट गर्न बाँकी बेरुजूको स्थिति देहाय अनुसार रहेको छः (रु.हजारमा)
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष सम्परीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>सम्परीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>८१५१४</td><td>३</td><td>२४२८९</td><td>0</td><td>१०५८००</td></tr>
</table></td><td></td></tr>
</table>